९/२

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
आर्थिक प्रशासन शाखा

पत्र संख्याः २०८०।८१ आर्थिक
चलानी नं. १४१

पान नं. | २ | ० | १ | ३ | ६ | ७ | ० | ५ | २ |

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

मितिः२०८०।१०।२९

श्री स्वास्थ्य सेवा विभाग,
श्री स्वास्थ्य प्रतिष्ठानहरु सबै,
श्री केन्द्रीय अस्पतालहरु सबै,
श्री अस्पताल विकास समितिहरु सबै ।

**विषयः बेरुजु फछ्र्यौंट तथा फरफारक सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री महालेखापरीक्षकको कार्यालयको च.नं. ४१५, मिति २०८०।१०।११ को पत्रबाट बेरुजु फछ्र्यौंट तथा फरफारक गर्ने विषयमा देहाय बमोजिम हुनेगरी निर्देशन प्राप्त भएकोले सोही बमोजिम यथासिघ्र बेरुजु फछ्र्यौंटको कामकारबाही गर्नु गराउन हुन आदेशानुसार अनुरोध छ ।

देहायः

१. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० तथा नियमावली, २०७७ को नियम ८९(१) र (२) अनुसार नियमितका लागि पेश गर्ने व्यवस्था मिलाउने,

२. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० तथा नियमावली, २०७७ को नियम ९० अनुसार असुल गरी फछ्र्यौंट तथा फरफारक गर्नुपर्ने बेरुजुका सम्बन्धमा नियम ९० (१) देखी ९० (६) को प्रकृया पूरा गरि वा नियम ९० (१०) बमोजिम असुल उपर गर्न नसकिएको बेरुजु ऐनको दफा ४७ (३) अनुसार कुमारी चोक तथा केन्द्रिय तहसिल कार्यालयमा लगत कस्नका लागि मन्त्रालमा पठाउने व्यवस्था मिलाउने,

३. म्याद नाघेको पेश्की बेरुजु सम्बन्धमा सम्बन्धित जिम्मेवार पदाधिकारिहरुले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ देखि ५५ सम्मको प्रक्रिया पुरा गरी फछ्र्यौंट गर्नुपर्ने तथा नियम ५३(३) बमोजिम सम्बन्धित विभागले पेश्कीको लगत राखि नियमानुसार पेश्की फछ्र्यौंट भए वा नभएको अनुगमन गर्ने व्यवस्था मिलाउने,

४. उपर्युक्त सि.नं. १ र २ बमोजिम नियमित भएको, असुल उपर भएको तथा पेश्की फछ्र्यौंट भई बेरुजु फछ्र्यौंट तथा फरफारक भएको सम्बन्धमा विवरण यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने,

२०८०।१०।२९

रामशाहपथ, काठमाडौं, नेपाल। ☎ ०१४२६२७०६ ✉ finance@mohp.gov.np

CamScanner

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

आर्थिक प्रशासन शाखा

पत्र संख्या: २०८०।८१ आर्थिक
चलानी नं. ९५१

पान नं. २०१३६७०५२

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

५. महालेखापरिक्षकको बार्षिक प्रतिवेदनमा समावेश भएका व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐनको दफा ४१ तथा नियमावलीको नियम ९१ बमोजिम प्रक्रिया पुरा गरेपछि मात्र फछ्यौंट तथा सम्परीक्षण हुनेछ ।

साथै बेरुजु फछ्यौंट अनुगमन समितिको च.नं.१०५८, मिति २०८०।१०।०५ को पत्रबाट देहाय बमोजिमको निर्णयहरु कार्यान्वयनको लागि अनुरोध छ ।

देहाय:

१. सबै निकायले नियमित गर्नुपर्ने बेरुजुको हकमा तोकिए बमोजिमको कार्ययोजना बनाई फछ्यौंट गर्ने।
२. सबै निकायले बेरुजुलाई राजस्व, नियमित र असूलउपर गर्नुपर्नेमा बर्गीकरण गरी लगत तयार गर्ने ।
३. सबै निकायले आन्तरिक लेखा परिक्षण प्रतिवेदनमा औंल्याईएका बेरुजु फछ्यौंट तथा फरफारक तदारुकतासाथ गर्ने ।

तुलसीनाथ गौतम
सहसचिव

सादर अवगतार्थ:
श्रीमान् सचिवज्यू,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ,काठमाण्डौ ।
श्रीमान् संयोजकज्यू,
लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ,काठमाण्डौ ।
श्री सूचना प्रविधि शाखा,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय। (यस पत्रलाई मन्त्रालयको Website मा राखिदिनुहुन)

CamScanner